# के.आई.सिंह गाउँपालिका

K.I.Singh Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

वायल, डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpachim Province,

प.सं: २०८१/०८२
चलानी नं:

मिति:-२०८१/१०/३०

### आ.व. २०८२/०८३ को लागि न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (संसोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ मा न्यूनतम रोजगारीमा संलग्न हुन सामाजिक संरक्षण आवश्यक भएका विपन्न व्याक्ति वा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका १८-५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले २०८१ फागुन मसान्तसम्म आवश्यक कागजात सहित स्थायी बसोवास रहेको वडा कार्यालयबाट फारम भरी दर्ता गराउन हुन जानकारी गरिन्छ। साथै अघिल्लो आ.ब.मा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आ.ब. २०८२/०८३ का लागि सुचिकृत हुन तोकिएको निवेदन फारम भरी नविकरण गराउनुहुन अनुरोध छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी -१ प्रति

२. पासपोर्ट साइजको फोटो -१ प्रति

३. निवेदकको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाण पत्र, सामाजिक सुरक्षा भत्ता, पेन्सन, तालिम लिएको भए त्यसको बिवरण निवेदनमा माग भएको स्थानमा अनिवार्य भर्नुपर्नेछ।

४. निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सोको प्रतिलिपि -१ प्रति।

५. निवेदक अन्यत्रबाट बसाई सराई भई आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी -१ प्रति।

नोट:- *गत आ.व. हरुमा निवेदन दिएका व्यक्तिहरूलाई पुनः निवेदन आवश्यक पर्नेछैन। निवेदन दिंदा फाराममा उल्लेख भएको सम्पूर्ण विवरणहरू उल्लेख नगरिएमा वा तोकिएको आवश्यक कागजातहरू पेश नगरेमा त्यस्ता निवेदनहरू रद्द गरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।*

.........
पुष्पराज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

- सबै वडा कार्यालयहरुले सूचना प्रचार-प्रसार तथा आवेदन संकलन गरिदिन हुन।
- सूचना प्रविधि शाखाःवेसाइट फेसबुक पेजमा अपलोड गरिदिन हुन।